बैठक संख्या: ०९/२०८२-२०८३

आज मिति २०८२ चैत्र १९ गते बिहिबार बिहान ८ बजे ऐरावती गाउँपालिकाको सभाहलमा गाउँ कार्यपालिकाका अध्यक्ष श्री नविल विक्रम शाहको अध्यक्षतामा तपसिलका सदस्यहरुको उपस्थितिमा ऐरावती गाउँ कार्यपालिकाको बैठक बसी देहाय बमोजिमको प्रस्ताव उपर छलफल गरि देहाय बमोजिमको निर्णय गरियो ।

तपसिल:

| क.सं. | नाम,थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री नबिल बिक्रम शाह | अध्यक्ष | |
| २ | श्री कृष्ण प्रसाद श्रेष्ठ | उपाध्यक्ष | |
| ३ | श्री अमर बहादुर रेश्मी | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री भिमेष कुमार घर्तीमगर | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री पदम बहादुर जि.सी. | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री मिना रोका मगर | का.वा.वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री चन्द्र बहादुर रोका मगर | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री भरत बहादुर खड्का क्षेत्री | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री चमेली गुरुङ | कार्यपालिका सदस्य | |
| १० | श्री भागिरथी खत्री | कार्यपालिका सदस्य | |
| ११ | श्री दुर्गा के.सी. | कार्यपालिका सदस्य | |
| १२ | श्री सिता गैरे | कार्यपालिका सदस्य | |
| १३ | श्री अर्जुन गन्धर्व | कार्यपालिका सदस्य | |
| १४ | श्री भक्त बहादुर वि.क. | कार्यपालिका सदस्य | |
| १५ | श्री सरद गौतम | सचिव | |
| | | | |
| | आमन्त्रित | | |
| १६ | श्री रुद्र प्रसाद पोखेल | आर्थिक प्रशासन शाखा | |
| १७ | श्री श्रीधर भट्टराई | प्रशासन शाखा | |
| १८ | श्री राजु खड्का | का.स. | |

| क सं | विवरण | हालको अवस्था |
|---|---|---|
| १ | हाल स्थानीय तहका रहेका कृषि हाटबजारको संख्या | १ |
| २ | कृषि हाटबजार सञ्चालन हुने दिन/वार | शनिवार |
| ३ | हालको कृषि हाटबजारमा पुर्वाधारको अवस्था | सामान्य |
| ४ | नयाँ कृषि हाटवजार सञ्चालन गर्न आवश्यक भए के कतिवटा आवश्यक रहेको | १ |
| ५ | कृषि हाटबजारका लागि जग्गा उपलब्ध भए नभएको र उपलब्ध हुने जग्गाको स्वामित्व | सार्वजनिक जग्गा उपलब्ध भएको |
| ६ | कृषि हाटबजार जग्गा उपलब्ध भएमा जग्गाको क्षेत्रफल | १० रोपनी |
| ७ | कृषि हाटबजार स्थापना हुने स्थानमा विद्युत/सडक यातायातको आधारभुत सुविधा रहे/नरहेको | रहेको |
| ८ | कृषि हाटबजार पुर्वाधार निर्माणका लागि आवश्यक अनुमानित कुल लागत रकम | १ करोड |
| ९ | कृषि हाटबजार पुर्वाधार निर्माणका लागि कुल लागतमा स्थानीय तहबाट ५०प्रतिशत लागत साझेदारी हुने सुनिश्चितता रहे/नरहेको | नरहेको |

निर्णयहरु:

<u>निर्णय नं १.</u>

ऐरावती गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को दोस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम ऐरावती गाउँपालिका वार्ड नं २ कार्यालयमा मिति २०८२ फाल्गुन २६ गते सञ्चालन गर्ने निर्णय गरियो ।

<u>निर्णय नं २</u>

गत आ.व. ०८१/०८२ को स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) अनुसार स्वमूल्याङ्कन गर्दा ७१ अङ्क प्राप्त भएको। उक्त प्राप्ताङ्क परिणामलाई कायम गरि अध्ययन,पृष्ठपोषण तथा मूल्याङ्कनका लागी जि.स.स. मा पठाउने निर्णय गरियो।

<u>निर्णय नं ३</u>

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको च.न. ६५ मिति २०८२/११/०८ को कार्यक्रम सञ्चालन सम्वन्धमा प्राप्त पत्रअनुसार गरिव परिवार पहिचान तथ्याङ्क संकलन कार्यक्रम कार्यान्वयनका लागि ऐरावती गाउँपालिका भित्रका सम्पूर्ण परिवारको तथ्याङ्क सङ्कलन गरि गरिव परिवार पहिचान गर्न परिवारको तथ्याङ्क संकलनसम्बन्धि मापदण्ड अनुसार कार्यक्रम सञ्चालन गर्न अनुमति दिने निर्णय गरियो।

<u>निर्णय नं ४</u>

स्थानीय पुर्वाधार विकास आयोजना कार्यालयको च.न. ५१६ को मिति २०८२/१२/०५ गतेको पत्रअनुसार वैकल्पिक सडक योजनाहरु सिफारिस सम्वन्धमा देहाएका सडक योजनाहरु सिफारिस गरि पठाउने निर्णय गरियो।

क. चेनेंटा- बरौला- जोगेटारी सडक

ख. चुकाहा- जुडा- माझिदमार सडक

<u>निर्णय नं ५</u>

PEARLS तथा MCI विधिबाट सहकारी संस्थाको कार्यसम्पादन मूल्याङ्कन र प्रकाशन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ स्वीकृत गर्ने निर्णय गरियो।

ऐरावती गाउँ कार्यपालिकाको (कार्य सम्पादन ) नियमावलि, २०७४ को नियम ९(१) बमिजिम अध्यक्षबाट सिधै प्रस्तुत प्रस्तावहरुः

१. आर्थिक वर्ष २०८२/०८३ को दोस्रो चौमासिक सार्वजनिक सुनुवाई सम्बन्धमा ।
२. स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणालि (LGPAS) को स्वमूल्याङ्कन परिणाम सम्बन्धमा।
३. गरिव परिवार पहिचान तथ्याङ्क संकलन कार्यक्रम कार्यान्वयन सम्बन्धमा।
४. वैकल्पिक सडक योजनाहरू सिफारिस सम्बन्धमा।
५. PEARLS तथा MCI विधिबाट सहकारी संस्थाको कार्यसम्पादन मूल्याङ्कन र प्रकाशन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ सम्बन्धमा।
६. "कृषि हाटबजार सञ्चालन" र "एक पालिका, एक चिस्यान केन्द्र " कार्यक्रम कार्यान्वयन सम्बन्धेमा।
७. विविध।

निर्णय नं ६

कृषि तथा पशु पंक्षि विकास मन्त्रालयको चलानी नं ५१९ मिति २०८२/१२/१७ को पत्रबमोजिम एक पालिका एक चिस्यान केन्द्र कार्यक्रम प्रारम्भ गर्ने प्रयोजनार्थ तपसिल बमोजिमको विवरण तयार गरि सम्बन्धीत कार्यालयलाई पठाउने निर्णय गरियो ।

तपसिलः

| क.स. | विवरण | हालको अवस्था |
|---|---|---|
| १ | हाल स्थानीय तहमा चिस्यान केन्द्र उपलब्ध रहे/नरहेको (रहेको भएमा के-कति वटा रहेको र कस्तो अवस्थामा रहेको। | नरहेको |
| २ | सम्वन्धित स्थानीय तहमा चिस्यान केन्द्र स्थापना गर्न आवश्यक हो वा होइन। | हो |
| ३ | स्थापना गरिने चिस्यान केन्द्रको अनुमानित क्षमता (मे.टन) | १००(मे टन) |
| ४ | चिस्यान केन्द्र निर्माणका लागि जग्गा उपलब्धता भए/नभएको र सम्भावित जग्गाको स्वामित्व/लालपूर्जाको अवस्था (सरकारी वा नीजि। | सम्भावना रहेको,सरकारी |
| ५ | चिस्यान केन्द्र निर्माण गर्नका लागि जग्गा उपलब्ध भएमा उपलब्ध हुने क्षेत्रफल (कठ्ठा/रोपनी) | २ रोपनी |
| ६ | चिस्यान केन्द्र निर्माण हुने स्थलमा सडक यातायात सुविधा भए/नभएको | भएको |
| ७ | चिस्यान केन्द्र संचालनका लागि विद्युत सेवा उपलब्ध भए/नभएको | भएको |
| ८ | चिस्यान केन्द्र निर्माणका लागि आवश्यक अनुमानित कुत्त लागत रकम रू. | २ करोड |
| ९ | स्थानीय तहले आफैले निर्माण गर्ने सन्दर्भमा चिस्यान केन्द्र निर्माणका लागि आवश्यक कुल लागतमा स्थानीय तहबाट ५० प्रतिशतं लागत साझेदारी हुने सुनिश्चितता रहे/नरहेको | नरहेको |
| १० | नीजि क्षेत्र/सहकारीबाट निर्माण/सञ्चालन हुने चिस्यान केन्द्रका हकमा नीजि क्षेत्र/सहकारीबाट ५० प्रतिशत लागन साझेदारी हुन सक्ने/नसक्ने | नसक्ने |
| ११ | चिस्यान केन्द्रमा भण्डार गरिने स्थानीय कृषि बाली/बस्तुहरुको विवरण तथा अनुमानित परिमाण (मे.टन) | १०० (मे टन) |

**विविधः**

- ईलाका प्रहरी कार्यालय, विजुवारले प्रयोग गर्ने बा.२ झ. २९०६ नम्बरको चारपाङ्ग्रे सवारी साधनको मर्मत सम्भारको खर्च भुक्तानिको लागि अनुरोध भएको हुँदा बिल बमोजिम मर्मत गर्दा लागेको खर्च श्री गणेश मोटर पार्टस् लाई भुक्तानी दिने निर्णय गरियो।
- कोठि हिमाल अल्लो कपडा उद्योगको मिति २०८२/१२/०८ को पत्रानुसार आगलागिको कारण क्षतिग्रस्त उद्योगको क्षतिपुर्तिका लागि ऐरावती गाउँपालिकाबाट रु २० हजार सहयोग गर्ने निर्णय गरियो।
- ऐरावती गाउँपालिका वार्ड नं २ को च. न. ७१० को मिति २०८२/१२/११ को सिफारिस पत्रअनुसार ऐरावती गाउँपालिका वार्ड नं २ बस्ने आर्थिक अवस्था अत्यन्तै कमजोर तिल बहादुर दमैलाई प्रेसरले हानी उपचार गर्नको लागी आर्थिक सहायता उपलब्ध गराउनु भनी निवेदन पेश गरेकोले निजलाई रु १० हजार सहयोग गर्ने निर्णय गरियो।

सौहाद्रपुर्ण वातावरणमा सर्व सम्मत निर्णय गर्दै आजको वैठक सम्पन्न भयो !!!